जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २७३ पृष्ठः ४ | २०८२ फाल्गुन ११ सोमबार (Monday 23 Feb. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## बेल्हाकट्टी डकैती प्रकरण : पेस्तोल, गोली र लागुऔषधसहित चारजना पक्राउ




**मणिलाल विश्वकर्मा**

लहान, १० फाल्गुन। सिरहाको पश्चिमवर्ती कल्याणपुर नगरपालिका– १२ बेल्हाकट्टी गाउँमा तीन महिनाअघि दुईजनालाई गम्भीर घाइते बनाई करिब ६ लाख रुपैयाँ बराबरको डकैतीमा संलग्न रहेको आरोपमा प्रहरीले एक भारतीयसहित चारजनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सिरहाले आइतबार दिउँसो पत्रकार सम्मेलनमार्फत डकैतीमा संलग्न रहेका चारजनाको विवरणसहित बरामद गरिएका कट्टुवा पेस्तोल, त्यसमा लाग्ने गोली, कडा खालको मानिने खैरो हेरोइनजस्तो देखिने पदार्थ र मोवाइल सार्वजनिक गरेको हो।

पक्राउ पर्नेहरुमा लहान नगरपालिका– २२ घर भई हाल १३ नं. वडामा घर बनाएर बस्दै आएका करिब ४९ वर्षीय लाल मोहमद अन्सारी, भारतको बिहार राज्यको मधुवनी जिल्लाअन्तर्गत खजौली थाना ग्राम पंचायत भकुवा वडा नं. १३ घर भई हाल लहान २२ मा बस्दै आएका करिब ४२ वर्षीय मोहमद गुलाब अन्सारीलगायत रहेका प्रहरीले जनाएको छ।

**लागुऔषध, पेस्तोल र गोली बरामद**

सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक रमेशबहादुर पालका अनुसार उक्त डकैतीमा संलग्न लहान– ५ बस्ने करिब २८ वर्षीय मो. एकवाल मियाँ र धनुषाको विदेह नगरपालिका–४ ठाडीभिझ्भा टोल बस्ने करिब ३२ वर्षीय अमरप्रकाश पासवानलाई पनि पक्राउ गरिएको छ।

**–बाँकी तीन पेजमा**

## कृषियोग्य जमिन, रोजगारी र बिउ पुँजीको माग

**मणिलाल विश्वकर्मा**

लहान, १० फाल्गुन। आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रत्यासी दल र उम्मेदवारहरूसँग मुक्त घोषित हरवा चरवाले कृषियोग्य जमिनसहित रोजगारी, सिप र बिउ पुँजीको पहल गर्न माग गरेका छन्।

मुक्त हरवा चरवा अधिकार मञ्चका केन्द्रीय अध्यक्ष दशन मण्डलले अपिल जारी गर्दै लोकतान्त्रिक प्रणालीलाई सुदृढ गर्ने महत्वपूर्ण अवसरको रूपमा आगामी २१ फागुनमा हुन गइरहेको निर्वाचनका उम्मेदवारहरूलाई प्रतिबद्धतासहित भूमिहीन कृषि मजदूरको रूपमा रहेका हरवा चरवा परिवारलाई कृषियोग्य जमिन, रोजगारी, सिप र बिउ पुँजीको पहल गर्न माग गरेका हुन्। अपिलमा आगामी आर्थिक वर्षभित्र मधेश प्रदेशअन्तर्गतका आठ वटै जिल्लामा पर्ने पालिकाहरूमा मुक्त हरवा चरवाको यथार्थ तथ्यांक संकलन, प्रमाणीकरण र परिचयपत्र वितरण गरिनुपर्ने, मधेश प्रदेश भूमि

**–बाँकी अन्तिम पेजमा**

## प्रतिनिधिसभा उम्मेदवारले नै पार्टी छाडेपछि...

काठमाडौँ, १० फाल्गुन। डा.सिके राउत नेतृत्वको जनमत पार्टीबाट रौतहट–२ मा उम्मेदवार बनेका २८ वर्षीय सोनु कुशवाहाले आइतबार पार्टीबाट राजीनामा दिएका छन्। पार्टीमा व्यक्तिवाद तथा परिवारवाद हाबी भएको कारण आफूले राजीनामा दिएको सोनुले बताए। परिवर्तनको लागि जनमत पार्टीबाट उम्मेदवारी दिएको तर युवामाथि दमन हुँदा पनि पार्टीले केही नबोलेको गुनासो गर्दै उनले पार्टीभित्रै जनताको आवाज

**–बाँकी तीन पेजमा**

## यादवको घरदैलो कार्यक्रम निरन्तर, मतदाताको विश्वास जित्नमा उनी आशावादी

**संजय विश्वकर्मा**

लहान, १० फाल्गुन। रामचन्द्र यादव जो नेपाली कांग्रेसका सिरहा जिल्ला सभापति तथा सिरहा निर्वाचन क्षेत्र नम्बर २ का प्रतिनिधि सभा सदस्यका उम्मेदवार हुन्, यतिबेला उनि निरन्तर घरदैलो कार्यक्रममा व्यस्त रहेका छन्। आगामी निर्वाचनलाई लक्षित गर्दै उनले क्षेत्रका विभिन्न गाउँ–टोलमा पुगेर मतदातासँग प्रत्यक्ष भेटघाट, छलफल र समर्थन जुटाउने कार्यलाई तीव्रता दिएका हुन्। निर्वाचन आयोगले जारी गरेको



निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्दै यादवले घरदैलो कार्यक्रम सञ्चालन गरिरहेका छन्। मतदाताको घर–घरमा पुगेर उनी जनताका समस्या, अपेक्षा र सुझाव सुन्दै आएका छन् भने आफ्नो प्रतिबद्धता पनि प्रस्तुत गरिरहेका छन्।

यादव यसअघि संविधान सभा सदस्यमा निर्वाचित भई जनताको पक्षमा निरन्तर आवाज उठाउने नेताका रूपमा परिचित छन्। लामो राजनीतिक अनुभव र जनतासँगको नजिकको सम्बन्धका कारण उनको राजनीतिक छवि सकारात्मक रहेको स्थानीय मतदाताहरू बताउँछन्। “उहाँ सधैं जनताको पक्षमा बोल्ने र काम गर्ने नेता हो, त्यसैले यसपटक पनि हाम्रो साथ उहाँलाई रहनेछ,” एक स्थानीय मतदाताले बताए। उनको राजनीतिक यात्रा साविक फुलकहाकट्टी गाविसको अध्यक्षमा

**–अन्तिम पेजमा**




## प्रजातन्त्रका आधारभूत पक्ष

- संवैधानिक सर्वोच्चता।
- बहुलवादको सम्मान।
- विधिको शासन।
- शक्ति पृथकीकरण।
- आवधिक निर्वाचन।
- मौलिक हक।
- मानव अधिकार।
- प्रेस तथा वाक स्वतन्त्रता।
- सामाजिक न्याय तथा समावेशीकरण।
- आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास लगायतका पक्षहरु।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## सरकारले संयमपूर्वक सक्रियता देखाओस् !

अराजकता र विध्वंस मच्चाएर राष्ट्रिय अस्तित्व नै गम्भीर संकटमा पार्ने षड्यन्त्र राष्ट्रपतिको सुझबुझका कारण विफल भयो। प्रधानमन्त्री सुशीला कार्कीले पनि संकटको समयमा उच्च साहस र सुझबुझ देखाएर राष्ट्रलाई थप संकटमा पर्नबाट जोगाइन्। प्रतिनिधि सभाको निर्वाचन गराउन सरकार कृतसंकल्प रहेकै कारण अहिले चुनाव हुँदैन कि भन्ने संशय हटेर गएको छ। देश नै चुनावमय भएको छ। दलहरू चुनावमा होमिएका छन्। अर्थात्, राष्ट्रलाई संकटको भासमा धकेल्ने षड्यन्त्र सफल नहुने देखिन थालेको छ। ताजा जनादेश लिएर प्रतिनिधि सभा गठन भएपछि नेपालको संविधानले एउटा स्पष्ट बाटो लिनेछ। राज्यको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक स्वरूपले निरन्तरता पाउनेछ। त्यस अवस्थामा नेपाललाई फेरि संकटको भासमा धकेल्ने षड्यन्त्र रच्न सजिलो हुनेछैन।

सम्भवतः यही कारणले अहिले विभिन्न बहाना र नाममा चुनाव हुन नदिने तानाकाना बुन्न थालिएको भान हुन्छ। दाङमा नेकपा ९एमाले०को झन्डा जलाउनेदेखि सुनसरीमा नेपाली कांग्रेसको चुनावी सभा बिथोल्ने प्रयास गर्नेसम्मका हर्कत देखापरेको छ। यति नै बेला रौतहटमा साम्प्रदायिक झडप भएर कर्फ्यु लगाउनु परेको छ। यसले पक्कै पनि तोकिएको समयमा चुनाव नहुने पो हो कि भन्ने सन्देह बढ्न सक्छ। प्रतिनिधि सभाको निर्वाचन फागुन २१का दिन हुन सकेन भने मुलुक जटिल र अन्योलपूर्ण स्थितिमा पुग्नेछ।

यसैले प्रधानमन्त्री कार्की स्वयं नै अग्रसर भएर शान्ति सुरक्षाप्रति सबै दलका नेताका साथै जनसाधारणको पनि विश्वास जगाउन हरसम्भव प्रयास गर्नुपर्ने देखिन्छ। विशेषगरी राजनीतिक दलका नेताहरूसँग प्रधानमन्त्रीकै तहबाट संवाद गरिनुपर्छ। यस अवस्थामा राज्यका सबै अंकहरू विशेषगरी सुरक्षा निकायहरू चनाखो र संयमित भएर स्थिति समाल्न अग्रसर हुनुपर्छ। कुनै पनि अवस्थामा भदौ २३–२४ दोहोरिन दिनु हुँदैन। भदौकै जस्तो अराजकता र विध्वंस दोहोरियो भने राष्ट्रकै अस्तित्व जोखिममा पर्नसक्छ।

साथै राजनीतिक दलका जिम्मेवार नेताहरूले सुझबुझ र संयम प्रदर्शन गर्नुपर्ने देखिन्छ। झडपका लागि तम्तयार भएर बस्ने आआफ्ना दलका कार्यकर्तालाई संयमित र अनुशासित बनाउने पहिले कर्तव्य र दायित्व त नेताहरूकै हो। यतिमात्र अहिले नेताहरूले देखाउने संयम र सुझबुझ तिनको चरित्र र प्रवृत्तिको कसी पनि हो। चुनावको बेलामा कार्यकर्ता उत्तेजित हुनु अस्वाभाविक नभए पनि अहिले स्थिति एकाएक असामान्य हुन पुगेकाले सबै दलका नेताहरूले सके सामूहिकरूपमा र नभए एक्लाएक्लै भए पनि शान्ति र संयमको आह्वान गर्नु उचित हुनेछ। नेपालका राजनीतिक दलका नेता देशलाई सङ्कट पर्दा एक हुन सक्छन् र लोकतन्त्रप्रति प्रतिबद्ध छन् भन्ने देखाउने बेला आएको छ। देश र जनतालाई निराश नबनाऊ !

# मधेसी पहिचानमाथि प्रश्न होइन सम्मान आवश्यक



ई.शिवांग दत

नेपालको नक्सामा देखिने समथर भूभागलाई हामीले एउटा भूभाग तराईमात्र ठान्यौं। अझ कहिलेकाहीँ त "उतैको जस्तो" भनेर टारिदियौं। तर कोसीदेखि महाकालीसम्म फैलिएको मधेस अन्न फल्ने जमिनमात्र होइन। यो त नेपाली राष्ट्रियताको धड्कन बोकेको माटो हो। दुर्भाग्यवश, आज पनि मधेसी अनुहार देख्नेबित्तिकै "तिमी त बिहारीजस्तै देखिन्छौ" भन्ने सोच नेपाली समाजको कुनै कुनामा जिउँदै छ। यस्तो तुलना शब्दको खेलमात्र नभएर पहिचानमाथिको प्रहार हो।

भारतका दिल्ली वा मुम्बईजस्ता सहरमा जब कुनै मधेसी युवाले गर्वका साथ "म नेपाली हुँ" भन्छ उसले अक्सर व्यङ्ग्य मिसिएको आवाज सुन्नुपर्छ "अरे, तुम तो बिहारी जैसे लगते हो !"। त्यस क्षणमा उसले आफ्नो देशको परिचयमात्र दिइरहेको हुँदैन बरु आफ्नो अस्तित्व प्रमाणित गरिरहेको हुन्छ। विडम्बना त तब हुन्छ जब आफ्नै राजधानी काठमाडौंमा पनि उसलाई त्यही परिचय दोहोराउनुपर्ने अवस्था आउँछ। आफ्नो देशमा शंकाको दृष्टिले हेरिनु र पराइ देशमा उपहासको पात्र बन्नुको यो दोहोरो बोझ मधेसले वर्षौंदेखि बोकिरहेको छ।

हामीले सबैभन्दा पहिले बुझ्नुपर्ने के हो भने संस्कृति साझा हुनु र पहिचान एउटै हुनु फरक कुरा हुन्। मधेस र भारतको बिहार राज्यबीच समान भाषा, भेषभूषा, खानपान, चाडपर्व र रोटीबेटीको सम्बन्ध अवश्य छ। मैथिली, भोजपुरी, अवधीजस्ता भाषाहरू सीमापार पनि बोलिन्छन्। वैवाहिक सम्बन्ध, व्यापारिक आवागमन र ऐतिहासिक अन्तरक्रियाले दुवै समाजलाई नजिक ल्याएको छ। तर साझा संस्कृति हुनु भनेको एउटै देश हुनु होइन। मधेस नेपालको भूभाग हो भने बिहार भारतको राज्य। नागरिकता संविधानले परिभाषित गर्छ, शासन व्यवस्थाले निर्धारण गर्छ र कर्तव्य तथा अधिकारले पुष्टि गर्छ।

अनुहारको बनावट, छालाको रंग वा भाषाको लवजका आधारमा राष्ट्रियता तोक्ने हो भने संसारका धेरै सीमाहरू अर्थहीन बन्थे। नेपालका हिमाली र पहाडी समुदायका संस्कृति पनि छिमेकका तिब्बती तथा भारतीय राज्यहरूसँग मिल्छन् तर के हामी उनीहरूलाई तिब्बती वा भारतीय भन्छौं ? तब मधेसीको हकमा किन यस्तो संकुचित दृष्टि ?

विकासको सन्दर्भमा पनि तुलना गरिन्छ। "बिहार त धेरै अगाडि बढिसक्यो" भन्ने टिप्पणी बारम्बार सुनिन्छ। यथार्थ के हो भने पछिल्ला वर्षहरूमा बिहारले सडक, राजमार्ग र धार्मिक पर्यटन व्यवस्थापनमा उल्लेख्य सुधार गरेको छ। कतिपय सहरका गल्लीसम्म पक्की सडक पुगेका छन्, राजमार्गहरू व्यवस्थित छन् र बोधगया जस्ता धार्मिक स्थलहरूलाई अन्तर्राष्ट्रिय पर्यटकीय गन्तव्यका रूपमा उभ्याइएको छ। यो सकारात्मक पक्ष हो जसबाट सिक्न सकिन्छ।

तर यता मधेसको अवस्था हेर्दा मन खिन्न हुन्छ। नेपालकै सबैभन्दा सुगम र उर्वर भूभाग हुँदाहुँदै पनि राजनीतिक खिचातानी, केन्द्र–प्रदेश– स्थानीय तहबीचको समन्वय अभाव, योजना कार्यान्वयनमा ढिलासुस्ती र कहिलेकाहीँ देखिने भ्रष्ट प्रवृत्तिका कारण मुख्य सहरहरूकै सडक दयनीय अवस्थामा छन्। जानकी मन्दिर जस्तो ऐतिहासिक, धार्मिक र सांस्कृतिक धरोहरलाई हामीले विश्वस्तरीय आयाममा व्यवस्थापन गर्न सकेका छैनौं। पर्यटक आकर्षित गर्ने सम्भावना हुँदाहुँदै पनि योजनाबद्ध प्रयास कमजोर देखिन्छ। तर यहाँ स्पष्ट हुनुपर्छ यो प्रशासनिक र नीतिगत कमजोरी हो पहिचानको होइन। विकासमा पछाडि पर्नु भनेको राष्ट्रियता कमजोर हुनु होइन।

मधेसी समुदायलाई कहिलेकाहीँ भाषाको आधारमा पनि मूल्याङ्कन गरिन्छ। "नेपाली राम्रो बोल्दैनन्" भन्ने टिप्पणीहरू सुन्न पाइन्छ। तर के नेपाली भाषा शुद्ध उच्चारण गर्न नसक्दैमा कोही कम नेपाली हुन्छ ? राष्ट्रियता शब्दको शुद्धतामा होइन भावनाको दृढतामा बस्छ। मधेसी किसानले तराईको चर्को घाममा पसिना बगाएर देशको अन्न भण्डार भरिरहेका छन्। मधेसी युवा नेपाली सेना, प्रहरी, निजामती सेवा, राजनीति र व्यवसायमा सक्रिय छन्। सीमामा तनाव हुँदा सबैभन्दा पहिले प्रभावित हुने भूभाग मधेस नै हो र त्यहाँका नागरिकले सधैँ देशको सार्वभौमसत्ताको पक्षमा उभिने प्रतिबद्धता देखाएका छन्।

साँचो कुरा के हो भने मधेसीहरूले कहिल्यै अर्को देशको नागरिक बन्ने चाहना व्यक्त गरेका छैनन्। उनीहरूले सधैँ नेपालको झन्डालाई आफ्नो मानेका छन्। विडम्बना, उनीहरूलाई बारम्बार आफ्नो "नेपालीपन" प्रमाणित गर्नुपर्ने स्थिति आउँछ। किन उनीहरू सधैँ शंकाको घेराभित्र राखिन्छन् ? राष्ट्रियता परीक्षणको कसी भाषा, पोसाक र अनुहार होइन त्यो त संकटका बेला देखिने निष्ठा र दैनिक जीवनमा पूरा गरिने कर्तव्य हो।

मधेस नेपालको अभिन्न अंगमात्र होइन देशको मेरुदण्ड हो। यसले अर्थतन्त्रलाई चलायमान बनाएको छ। कृषिको आधार दिएको छ र सीमापार व्यापारको ढोका खोलेको छ। ऐतिहासिकरूपमा पनि मधेस सभ्यताको केन्द्र रहँदैआएको छ। जनकपुरको सांस्कृतिक विरासत, मिथिलाको साहित्यिक परम्परा, धार्मिक आस्था र सामाजिक संरचनाले नेपालको समग्र पहिचानलाई समृद्ध बनाएको छ। यस्तो भूभाग र समुदायलाई "उतैको जस्तो" भनेर हेर्नु वास्तवमा नेपालकै गौरवलाई सानो बनाउनु हो।

अब समय आइसकेको छ हामीले आफ्नो दृष्टिकोण सच्याउने। विविधता स्वीकार्ने। मधेसीलाई "बिहारी" भनेर हेपाहा अर्थमा सम्बोधन गर्ने प्रवृत्ति त्यागेने। विकासमा कमजोरी छ भने खुलेर बहस गरौँ, नीति सुधार मागौँ, जवाफदेही सुनिश्चित गरौँ। जानकी मन्दिर, गढीमाई, मिथिला कला र अन्य धरोहरलाई विश्वस्तरीय बनाउने संकल्प गरौँ। मधेसका युवालाई राज्यका हरेक संरचनामा समान अवसर र सम्मानको अनुभूति गराऔँ। देश बलियो सीमारेखाले मात्र हुँदैन। देश बलियो हुन्छ जब नागरिकले एकअर्कालाई स्वीकार्छन्। मधेसलाई सम्मान गर्नु नेपालको सम्मान गर्नु हो। मधेसीलाई नेपाली भनेरमात्र होइन सम्मानपूर्वक नेपाली मानेर व्यवहार गर्नु आजको आवश्यकता हो।

अन्ततः प्रश्न सरल छ, हामी कस्तो नेपाल चाहन्छौं ? यस्तो नेपाल, जहाँ अनुहार र लवजका आधारमा राष्ट्रियताको प्रमाणपत्र बाँडिन्छ ? वा यस्तो नेपाल, जहाँ विविधता नै शक्ति मानिन्छ ? मधेसको माटोले कहिल्यै देशसँग बेइमानी गरेको छैन। अब पालो हाम्रो हो, हामीले पनि मधेससँग न्याय गरौँ। मधेस नेपाल हो र मधेसी नेपाली नै हुन्। यो स्वीकार्नु कृपा होइन सत्यको सम्मान हो।
बाह्रखरीबाट

# मत माग्न जाने जनता आवास !

**विपन्नहरुको जीवनस्तर सुधारका लागि कयौं कार्यक्रम सञ्चालन गरे पनि मधेश प्रदेश र स्थानीय सरकार नहर तरेर डाक्नेश्वरीको मुसहर बस्तीमा पुग्न सकेको देखिँदैन।**

**दुर्गा खनाल, कृष्ण ज्ञवाली, शैलेन्द्र महतो**

सप्तरी, १० फाल्गुन। औरहीको मुसहर बस्तीमा भेटिएकी रिनादेवी सदा (५० वर्ष) लाई सरकारले ओत लाग्ने छाप्रो देला भन्ने आशा लागेको थियो, तर भएको टहरोबाट समेत भुइँमा झारिदियो। मधेश प्रदेश सरकारले 'जनता आवास कार्यक्रम'बाट सानो भएपनि घर बनाइदिने भनेर उनलाई भइरहेको टहरोबाट हटाइयो। उनी टहरो भत्काएर नजिकै झुप्रो हालेर बस्न थालिन्। घर बनाइदिने जिम्मा लिएका ठेकेदारले जग हालेर भुइँसम्म संरचना बनाएका छन्, त्यसमाथि फलामको रड ठड्याएर अलपत्र छाडेका छन्।

भइरहेको टहरो भत्काएकाले उनको झुप्रोमा बास भएको छ, अहिले त्यही अलपत्र घरको छेउमा चुल्हो बनाएर बसेकी छन्। घर बनाउने आशा उनका लागि 'ताप्केको माछा भुङ्ग्रोमा परे' सरह भएको छ। 'यसरी अलपत्र छाडिदिने भए मैले आफ्नो टहरा भत्काएर झुप्रोमा बस्ने थिइनँ' उनी भन्छिन्, 'तत्काल बनिहाल्छ भनेर बसिरहेको टहरा भत्काए। अहिले अलपत्र पारेर छाडेका छन्।' १० वर्ष पहिले रिनादेवीका श्रीमानको निधन भयो। उनका दुई छोराहरू काठमाडौंमा काम गर्छन् भने छोरीको बिहे भइसकेको छ। घरमा छोराछोरी एकैसाथ जुट्दा बस्ने ठाउँ हुँदैन। एकल महिला भत्ताको भरमा चलिरहेकी उनलाई सरकारले सहयोग नगर्दासम्म अलपत्र घर पुरा गर्ने आँट आउँदैन।मधेश सरकारले भूमिहिन एवं विपन्नहरुका लागि घर बनाइदिन 'जनता आवास कार्यक्रम' सञ्चालनमा ल्याएको हो।



मुसहर, डोम एवं चमार जस्ता विपन्न, सीमान्तकृत, दलित र अल्पसंख्यक समुदाय एवं ताराईका

२०६६ सालको बजेटबाट शुरु भएको कार्यक्रमबाट करिब ५६ हजार घर बनाउने लक्ष्य थियो। साउन, २०७५ देखि संघीय सरकारले प्रदेश सरकारहरूलाई कार्यक्रम हस्तान्तरण गरेको छ।

भूमिहीनहरूले टहरे छाप्रो भत्काएर जग खनेपछि कुल अनुदानको एक तिहाइ बजेट पाउने व्यवस्था थियो। भवन भत्काएर नयाँ घरको जग हालेर भुइँसम्म पिलर बनाएका कयौंले बाँकी अनुदान पाएका छैनन्।जनता आवास कार्यक्रमले विपन्नहरुका लागि ३ कोठे घरहरु बनाइदिन्छ। जसमा छाना छाउने र अरु संरचना निर्माण गर्ने काम पनि उनीहरूले गर्नेछन्। त्यसका लागि मधेश सरकारले मातहतको पूर्वाधार कार्यालयहरु मार्फत तीनदेखि पाँच लाख रुपैयाँ उपलब्ध गराउँछ। सरकारले जुन टोलमा घर बनाइदिने हो, त्यहाँ उपभोक्ता समिति गठन गर्छ। एउटा निर्माण समितिमा सम्बन्धित समुदायका १० देखि ३० जनासम्म रहन्छन्।

र, उपभोक्ताहरुले घरको जग खनेको प्रमाण पेश गरेपछि एक तिहाइ रकम उपलब्ध गराउँछ भने घर बनेपछि सबै रकम भुक्तानी गर्छ। छ महिनामा घर बनाइसक्ने आयोजनाको मापदण्ड छ, जस अनुसार उनीहरुले पहिलो किस्तामा एक लाखभन्दा केही बढी रकम पाउँछन्। भूमिहिन मुसहरहरुले पेस्की लिएर घर बनाउने काम छिचोल्न नसक्ने भएकाले ठेकेदारहरुले जिम्मा लिएर घर बनाइदिन थालेका थिए।

–बाँकी तीन पेजमा

## *मत माग्न ...*

त्यसमध्येका कतिपय घर अलपत्र परेका हुन्। दुई वर्ष अघिको महालेखा परीक्षकको प्रतिवेदन अनुसार, ५६ हजारमध्ये करिब साढे १७ हजार घर बनिसकेका छन्। साढे ५ अर्बभन्दा बढी खर्च भएको आयोजनाबाट अझै करिव २० हजारजति घर बन्न बाँकी छन्।

तर मुसहर बस्तीहरुमा पुग्दा भने त्यो अनुपातमा घरहरु बनेको भेटिंदैन। जग खनेर शुरु गरिएका ठाउँमा रड ठड्याएर अलपत्र छाडिएको पनि भेटिन्छ।

**न नेता फर्के, न विकास आयो**

सप्तरीको सदरमुकाम राजविराजबाट हुलाकी राजमार्गबाट पश्चिम लागेपछि अर्नाहा चोक पुगिन्छ। त्यहाँबाट एउटा कच्ची बाटो दक्षिणतिर मोडिन्छ। सप्तरीको दक्षिणी सिमावर्ती क्षेत्रमा पर्ने बनौली बजार छेवैमा भारततिर पानी लैजाने सप्तकोशीको शाखा कोशी पम्प नहर छ। अहिले भारत सरकारले त्यो नहरमा थुप्रिएको बालुवा निकालेर सडकको दायाँवायाँ थुपारिरहेको छ। धुलाम्मे सडक छिचोलेर पुल तरेपछि औरहीको जनता मावि पुगिन्छ। त्यही स्कूलको ठीक पछाडीपट्टी छ, करिब दुई सय परिवार रहेको मुसहर बस्ती छ। त्यही बस्तीमा भेटिएका रविन्द्र सदा (४८ वर्ष) आफ्ना दुई–दुई छोराछोरीलाई हुर्काइसके, तीमध्ये केही भारतमा काम गर्न गएका छन्। सरकारले २५ फिटको घर बनाइदिए त्यो उनको भन्ने कुनै लिखत र कागजात छैन। मधेश सरकारले भूमिहीनहरुलाई लालपूर्जा नदिइ घर बनाइदिएको हो।

'प्रायः मुसहरहरुको जग्गा/जमीन छैन। उनीहरूले वर्षौंदेखि उपभोग गरिरहेको जमीनको समेत लालपूर्जा पाइरहेका छैनन्' स्थानीय सञ्चारकर्मी महेन्द्र सदा भन्छन्, 'सरकारले नापी गर्दा उनीहरु वर्षौंदेखि बसोबास गरेको देखिएको भनी कागजात तयार भएको छ, तर कर्मचारीहरुले जग्गा नम्बरी( दर्तावाल) नभएकाले रैकर भएको लालपूर्जा दिन मानेका छैनन्।' उनका अनुसार, नापीका कर्मचारीहरु त्यहाँ आएर जग्गा नापजाँच गरेर गएको पाँच वर्ष भइसकेको छ।औरहीको त्यो बस्तीमा करिब एक सय मुसहर बस्ती रहेकोमा नयाँ घर बनाइदिने भनेर टहरा भत्काइदिएकाले चारवटा परिवार अलपत्र परेका छन्। उनीहरु झुप्रो बनाएर बसेका छन्, छेवैमा जग हालेर अलपत्र पारिएको घर कहिले बनाएर सकिन्छ ? कुनै टुंगो छैन।

कम्तिमा साढे तीन–चार सय परिवार रहेको मुसहर बस्तीमा कतिपयको नागरिकता बनेको छैन, जसका कारण मतदाता नामावलीमा उनीहरुको नाम छैन। आपसी सल्लाह र गाउँका ठालुहरुको सुझाव अनुसार भोट दिने उनीहरुले यसपालि कुनै निर्णय गरिसकेका छैनन्। अघिल्लोपटक भने मतदाताको धेरै दिनअघि मतदान गर्ने निर्णय गरिसकेका थिए। बस्तीमा भेटिएकी एक वृद्धाले भनिन्, 'चुनाव सकिएपछि न जित्नेहरु आए, न उनीहरुले पठाएको विकास नै आयो।'नजिकै स्कूल भएपनि मुसहर समुदायका बालबालिका स्कूल जाँदैनन्। गएकाहरु पनि दुई/चार कक्षा पढेपछि स्कूल छाड्छन्। सिंगो समुदायबाट एक जनाले मात्रै एसएलसी गरेका रहेछन्, जो पछि बस्तीबाट सरेर अर्को ठाउँमा पुगेका छन्।

**'जग्गा देऊ, आफैं बाँच्छौं'**

बस्तीमा किशोरीहरुको १५/१६ वर्षदेखि १८ वर्षभित्र बिहेबारी हुनु सामान्यजस्तै हो। २० वर्षको उमेरमा त कयौंले बालबच्चा जन्माइसकेका हुन्छन्। विपन्नहरुको जीवनस्तर सुधारका लागि कयौं कार्यक्रम सञ्चालन गरे पनि मधेश प्रदेश र स्थानीय सरकार नहर तरेर डाक्नेश्वरीको मुसहर बस्तीमा पुग्न सकेको देखिँदैन। स्थानीय सञ्चारकर्मी महेन्द्र सदाका अनुसार बस्तीको नजिकै स्वास्थ्यचौकी छ। तर मुसहरहरुले औषधी पाउँदैनन्, गाह्रोसाह्रो भए ऋण खोजेर उपचार गर्नुपर्छ। बस्तीका केही पुरुषहरु वैदेशिक रोजगारमा जान थालेका छन्। तर नागरिकताको प्रमाणपत्र नबनेकाहरु भने कामको खोजीमा भारततिर जाने चलन छ। महिलाहरु कृषि मजदुरको रुपमा जग्गाधनीको खेतबारीमा काम गर्छन्।

सञ्चारकर्मी सदा भन्छन्, 'यिनीहरु गाउँघरमा कृषि मजदुरको रुपमा काम गरेर गुजारा गरिरहेका छन्। सिजनल कमाई हुन्छ, दुःख सुख गरेर घरहरु चलाइरहेका छन्।' औरहीकी बेच्नी देवी सदा (४५ वर्ष) ले बस्तीमा पुगेका अनलाइनखबरकर्मीहरुलाई सरकारी कर्मचारी झैं ठानिन्। 'तिमीहरु बुझ्ने रहेछौं, चाहयौ भने हामीलाई लालपूर्जा र खेत जग्गा दिन सक्छौं,' उनले हात जोड्दै भनिन्, 'हाम्रो लालपूर्जा बनाइदिनु, खेत दिनु। त्यति भयो भने हामी आफैं दुःख गरेर खान्छौं, अरु सहयोग चाहिँदैन।' मुसहर बस्तीका केही किसानहरुले गाईभैंसी पाल्ने गरेको बताउँछन्। उनीहरुले स्थानीय साहुमहाजनबाट अधियाँमा चौपाया पनि पाल्छन्। राजविराजबाट आउने व्यापारीहरुले दूध संकलन गरेर लैजान्छन्।

औरहीकी रीनादेवी सदाले पुरा नभएर अलपत्र परेको घरको भुईमा चुल्हो बनाएकी छन्, पानी पर्दा त्यो पनि भिज्छ। सरकारले मुसहरहरुलाई घर बनाइदिने कुरामात्रै गरेको छ, बस्तीमा शौचालय छैन। केहीले छिमेकीको घरबाट मसिनो तार तानेर बत्ती बालेको अवस्थालाई अपवाद मान्ने हो भने अधिकांश मुसहरहरु टुकीको भरमा चल्छन्, बिजुलीको लाइन जोड्न उनीहरुसँग नागरिकता वा लालपूर्जा केही छैन। मधेश प्रदेश सरकारको आँकडा अनुसार, टहरा भत्काएर खनिएको घरको जग अलपत्र छाड्दा सिरहामा मात्रै करिब पाँच सय मुसहरहरुको बास टहरोबाट झुप्रोमा पुगेको छ। त्यतिबेला पूर्वाधार विकास कार्यालय सिरहाले जनता आवास र महेन्द्रनारायण निधि आवास योजनामा परेका करिब पाँच सय ३३ वटा घर बनाइरहेको थियो।

त्यहाँ जनता आवास कार्यक्रमबाट ४ सय ८८ र महेन्द्रनारायण निधि आवास योजनाबाट ४५ वटा घर बनिरहे पनि समयमा पुरा हुन सकेका थिएनन्। जनता आवासका घरमा दुई नम्बर इँटा र माथि छानामा जस्तापाताको प्रयोग गरी दुई कोठे घर बनाउने गरिएको छ। जनता आवासबाट घर पाएका सम्बन्धित मुसहर परिवारहरुसँग पनि त्यसको अपनत्व छैन, किनभने घरमा बस्नेहरुले लालपूर्जा पाएका छैनन्। जग खनेर पिलर बनाएकाहरुलाई पनि मधेश सरकारको पूर्वाधार विकास कार्यालयले भुक्तानी दिएको छैन, भुक्तानी भएका कतिपय ठाउँमा ठेकेदारले पैसा लिएका छन्, तर घर बनाउने काम गरेका छैनन्।आफू पनि मुसहर समुदायबाट आएका र मुसहरहरुको हकहितको वकालत गर्ने सञ्चारकर्मी महेन्द्र सदा अघिल्लो स्थानीय निर्वाचनमा वडाध्यक्षका स्वतन्त्र उम्मेदवार थिए। तर उनले १२ मतमात्रै पाए। उनी विपन्न मतदाताहरुलाई आकर्षक नारा अघि सार्ने अथवा आर्थिक रुपमा बलिया उम्मेदवारहरुले सहजै प्रभावित पार्नसक्ने उनी बताउँछन्।

अघिल्लोपटक बस्तीमा पार्टीहरूको चुनावी लहर चलेको थियो। यसपटक विगतको तुलनामा चुनावी रौनक छैन। जनमत पार्टीका अध्यक्ष सिके राउतको लहर विगतको भन्दा कम छ।। नयाँ खुलेका दलहरु बिस्तारै बस्ती वरपर प्रचारप्रसारमा जान थालेको उनीहरु बताउँछन्। 'हामारा सबके सल्लाह नै भेल है, सल्लाह नै कक केना भोट देवै ?' बेच्नी देवी सदाले मैथिलीमा भनिन्, 'हाम्रा सबके दुःख कष्ट जे बुझतै तेक्रा भोट देबै। हाम्रा सबके दुःख कोई नै बुझ्ल।' उनले भनेकी हुन 'हाम्रो सल्लाह भएको छैन, सल्लाह नै नगरी त कसरी भोट हाल्नु ? हाम्रो दुःख कष्ट बुझ्नेलाई भोट दिने भनेको हो, कसैले पनि हाम्रो कुरा बुझेनन्।'

## *प्रतिनिधिसभा...*

सुन्ने वातावरण नहुँदा पार्टीमै बस्नुको कुनै अर्थ नरहने भन्दै उनले पार्टी छाडेका हुन्।

पार्टीबाट उम्मेदवार बन्न लगाइए पनि कुनै समन्वय नरहेको तथा पार्टी नेतृत्व आफ्नै क्षेत्र तथा दाइको क्षेत्रमा व्यस्त रहेको उनले आरोप लगाए। उनीसँगै सो क्षेत्रका अन्य नेताहरूले पनि पार्टीको साधारण सदस्यबाट राजीनामा दिएका छन्। पार्टीभित्र आन्तरिक असन्तुष्टि, नेतृत्वको एकलौटी निर्णय, स्थानीय जनभावनाको उपेक्षा तथा विकासका मुद्दामा स्पष्ट रोडम्याप नदेखिएको भन्दै राजीनामा दिएका हुन्। प्रतिनिधि सभाका सदस्यको उम्मेदवार रहेका सोनुले निर्वाचनमा कसलाई समर्थन गर्ने भन्नेबारे अझै बताइसकेका छैनन्। यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनमा रौतहट–२ बाट २६ जनाले उम्मेदवारी दिएका छन्।

# चुनाव नजिकिँदै गर्दा रौतहटमा दुई समुदायबिच झडप, के भन्छ सुरक्षा निकाय ?

काठमाडौँ, १० फाल्गुन। फागुन ७ मा रौतहटको गौर नगरपालिका–६ स्थित सवगढा गाउँमा मस्जिद अगाडि जन्ती पुग्यो। विवाहमा डिजे बजाएर हिँडेको विषयले ठुलो रूप लियो र अवस्था झडपसम्म पुग्यो। फागुन ९ मा झडप हुँदा दुई वटा मोटरसाइकलमा तोडफोड र दुई वटामा आगजनी भयो। उत्तेजित समूहले गौर नगरपालिका–४ स्थित टिकुलियामा भारतीय नम्बर प्लेटको गाडीमा आगजनी गरे। टिकुलियामा रहेको मस्जिदमा आगो लगाइएको थियो। त्यो नियन्त्रमा लिन सशस्त्र प्रहरीले बलले २ सेल अश्रुग्यास प्रहार गरेको थियो। बिहीबारदेखि सुरु भएको विवाद विवाहमा डिजे बजाएको विषय मात्र सीमिति थिएन, एक किशोरीलाई जिस्क्याएको र किराना पसलेलाई हेलाँहोचो गरेको विषयले धार्मिक सम्प्रदायिक सम्बन्धमा खलल पुग्यो।

शनिबार साँझ गृहमन्त्री ओमप्रकाश अर्यालको नेतृत्वमा बसेको केन्द्रीय सुरक्षा समितिको बैठकले सम्प्रदायबिचको सम्बन्धमा खलल पार्ने कार्य दुरुत्साहित गर्ने निर्णय गर्दै घृणा फैलाउनेहरूलाई कानुनी दायरामा ल्याउने निर्णय गरेको थियो। केन्द्रीय सुरक्षा समितिले सबै धर्म, समुदायबिच धार्मिक सहिष्णुता र सम्मान कायम गर्न अनुरोध गरेको छ। सबगढा गाउँको बडी मस्जिदमा पनि क्षति पुर्‍याइएको छ। सुरु दिनको विवादमा नै दुई समुदायले छतबाट ढुंगा हानाहान गरेका रौतहटमा कार्यरत सुरक्षा अधिकृतहरू बताउँछन्। शनिबार आक्रोशित समूहले गौर–चपुर सडक खण्डमा पर्ने अस्लम पेट्रोल पम्पमा तोडफोड गरेका थिए। ढुंगा प्रहारबाट पम्प रहेको भवनको ४ वटा झ्याको सिसा फुटेको छ।

गौरमा कर्फ्यू लगाइएको छ। दुई समुदायबिच देखिएको विवाद पुरानै अवस्थामा फर्काउन प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले सर्वपक्षीय छलफल गराइरहेका छन्। विवाद समाधान गर्न नेपाल प्रहरीका अतिरिक्त महानिरीक्षक उमा प्रसाद चतुर्बेदी रौतहट जाँदै छन्।

**चुनावमा पर्ला असर ?**

कतिपयले यो विवादका कारण फागुन २१ मा हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनमा असर गर्ने आशंका गरेका छन्। अहिले विवाद भएको ठाउँ रौतहट निर्वाचन क्षेत्र नम्बर–१ मा पर्छ। जहाँ नेपाली कम्युनिस्ट पार्टीका सह संयोजक माधव कुमार नेपाल, नेकपा ( एमाले)का अजय गुप्ता, कांग्रेसबाट अनिल झा र रास्वपाबाट राजेश चौधरीबिच प्रतिस्पर्धा हुँदै छ। यहाँ विवाद थप चर्काउने भूमिका खेलेको आरोपमा जनमत पार्टीका जिल्ला इन्चार्ज शेख जम्सेद र गौर नगरपालिका–६ का वडाध्यक्ष अबध बिहारी शाहलाई प्रहरीले पक्राउ गरेको छ। गौरको विवाद राजनीतिक नभएकाले निर्वाचनलाई प्रभाव नपार्ने सुरक्षा विश्लेषण गरिएको छ। प्रहरी प्रधान कार्यालयका एक उच्च अधिकृतले रातोपाटीसँग भने, 'चुनावमा यसले असर गर्दैन, तर मतदातामा मनोवैज्ञानिक त्रासचाहिँ पार्न सक्ने आलकन गरिएको छ।'

विवाद न्यूनीकरण गर्न जिल्ला सुरक्षा समितिले समन्वय गरिरहेको गृह मन्त्रालयका प्रवक्ता ( सहसचिव) आनन्द काफ्लेले रातोपाटीलाई बताए। उनले भने, 'निर्वाचनलाई बाधा नपर्नेगरी विवाद न्यूनीकरणको प्रयास भइरहेको छ।' मधेसमा कार्यरत स्थानीय प्रशासनका अधिकृतहरू रौतहटको विवाद दुई वटा समुदायसँग मात्रै सम्बन्धित भएको बताउँछन्। मधेस प्रदेश प्रहरी कार्यालयका एक अधिकृतले भने, 'यहाँ राजनीतिक विवाद भएको होइन्, दुई समुदायको विवाद हो।' आइतबार बिहानैदेखि कर्फ्यूको बिचमा सर्वपक्षीय छलफल निरन्तर भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटका डीएसपी विष्णु प्रदिप बस्यालले बताए। गौर नगरपालिकाको पूर्व मडबलवा गेट, पश्चिम लालबकैया बाँध, उत्तर बम नहर र दक्षिणमा गौर भन्सार कार्यालय क्षेत्रभित्र कर्फ्यू लगाइएको छ।

## *बेल्हाकट्टी डकैती...*

प्रहरीले खोजतलासको क्रममा ६ फागुनमा पक्राउ गरिएका लाल मोहमदको घर कोठाबाट प्लाष्टिकबाहेक ३० ग्राम गिलो अवस्थाको खैरो हेरोइनजस्तो पदार्थ, घरको भर्याङ्मा जस्तापाताको छानाभित्र कपडामा बेरेर लुकाइएको एमएमकेएफ लेखिएको दुई राउण्ड गोली र काठको बिँड भएको एक थान कट्टुवा पेस्तोलसमेत बदामद भएको उनले बताए।

उनका अनुसार मोहमद गुलावको घर कम्पाउण्डको जस्तापाताको बारभित्र कपडामा बेरेर लुकाइएको एमएमकेएफ लेखिएको दुई राउण्ड गोली र काठको बिँड भएको एक थान कट्टुवा पेस्तोलसमेत बरामद भएको छ। पक्राउ परेकाहरुविरुद्ध डाँका, ज्यान मार्ने उद्योग, हातहतियार तथा खरखजाना र लागुऔषध (खैरो हेरोईन) मुद्दा शीर्षकमा सिरहा जिल्ला अदालतबाट पक्राउ परेकै दिनदेखि लागू हुनेगरी पाँच दिनेको म्याद लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। पीडितका छोरा मुकेशकुमार सिंहले ७ फागुनमा जिल्ला प्रहरी कार्यालयमा पक्राउ परेकाहरुसहित ६ जनाविरुद्ध किटानी जाहेरी दिएका थिए।

**यस्तो थियो घटना**

गत ३ मंसिरको बिहान करिब पौने २ बजेतिर कल्यानपुर १२ बेल्हाकट्टीका भोला महतोको घरमा आठ/दसजनाको हतियारधारी अज्ञात समूहले कट्टुवा पेस्तोल देखाउँदै लुटपाट र डकैती गरेको थियो। नकाव लगाएको हतियारधारी समूहले पेस्तोल देखाएर ज्यान मार्ने धम्की दिंदै सुनको नथिया, टिका, मंगलसुत्र, तिलहरी समेत करिब एक तोला सुन र पाउजु, कल्ली, गरी करिब ९६ तोला चाँदी, एक/एक थान मोवाईल र ड्रोन क्यामेरा गरी करिब छ लाख रुपैयाँको धनमाल डकैती गरेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार डकैती गरी भाग्ने क्रममा हो–हल्ला भएपछि पीडित भोलाका नाति करिब ४२ वर्षीय वीरेन्द्र महतो र पनाति करिब २३ वर्षीय अनिलकुमार महतोलगायतले लखेट्ने क्रममा लुटेरा समूहले अन्धाधुन्द फायरिङ् गर्दा वीरेन्द्रको दाहिने छाती र अनिलको छातीको बायाँ भागमा गोली लागेर गम्भीर घाइते भएका थिए।

घटनाको स्थानीय प्रहरीले प्रारम्भिक अनुसन्धान गरेपछि जिल्ला प्रहरीबाट समेत प्रहरी नायव उपरीक्षक पालको कमाण्डमा टोली गठन गरी थप अनुसन्धान गर्ने क्रममा चारजनालाई हातहतियार र लागुऔषधसहित पक्राउ गरिएको हो। प्रहरीका अनुसार उक्त समूहले नेपालसहित छिमेकी मुलुक भारतका विभिन्न स्थानहरुमा डकैती लुटपाट गर्दै आएको थियो। सो समूहका मो. हकिम बेल्हाकट्टीको डकैती हुनुभन्दा अगाडि भारतको लदनियामा भएको करिब चार करोड रुपैयाँ बराबरको लुटपाटमा संलग्न रहेको पाइएपछि भारतीय प्रहरीले नै पक्राउ गरी अनुसन्धान गरिरहेको खुलेको प्रहरीले जनाएको छ।

अनुसन्धानको क्रममा बेल्हाकट्टीको डकैतीमा प्रयोग भएको प्र.०१–०५–०० ह ०२१८ नम्बरको अटोरिक्सा नियन्त्रणमा लिइए पनि अटोरिक्सा धनी फरार रहेको प्रहरीले जनाएको छ। यसैगरी डकैती गरिएका सुनचाँदी बिक्री गरिएको ठाउँको पहिचान भएको र खरिद गर्ने व्यक्ति फरार रहेको बताइएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# नागरिकता नपाएको भन्दै इलाका प्रशासनमा धर्ना



**शिव पुरी**

रौतहट, १० फाल्गुन। झण्डै एक महिना धाउँदा पनि नागरिकता पाउन नसकेको भन्दै आइतबार चन्द्रपुर नगरपालिका–१ का सेवाग्राही इलाका प्रशासन कार्यालय चन्द्रनिगाहपुरमा धर्ना बसेका छन्। चन्द्रपुर–१ वडाअध्यक्षसहित सेवाग्राहीहरु आइतबार ईलाका प्रशासन कार्यालयको मूल ढोकामै धर्नामा बसेका हुन्। चन्द्रपुर–१ की निमालाम्ह्ु भुटियाले एक महिना धाउँदा पनि ईलाका प्रशासन प्रमुख माधवप्रसाद शर्माले बिभिन्न बाहना बनाएर दुःख दिएको भन्दै धर्नामा बसेको बताइन्। 'निवेदन दिएको पनि एक महिना हुन लाग्यो। नागरिकताको लागि धाउँदै सकस हुन लाग्यो,' उनले भनिन्,'यो त हदै भयो। सेवाग्राहीलाई यसरी दुःख दिन कतिको उचित होला।'

जिल्ला प्रशासन कार्यालयले गत माघ २० मा निमालाम्ह्ुलाई नागरिकता नदिइनुको कारण सोध्दै सोही कार्यालयबाट नागरिकता दिने व्यवस्था मिलाउन पत्राचार गरेको थियो। उक्त पत्रको ईलाका प्रशासन प्रमुख शर्माले अवज्ञा गर्दै आफुले कुनै हालतमा नागरिता दिन नमिल्ने बताएको निमालाम्ह्ुले बताइन्। उनले जिल्ला प्रशासन कार्यालय गौरबाटै नागरिकता बनाउनु भनेर पन्छिन खोजेको निमालाम्ह्ुले सुनाइन्। इलाका प्रशासन प्रमुख शर्माले नागरिकता दिन आनाकानी गरेपछि वडाअध्यक्ष बलराम राउत र निवेदक निमालाम्ह्ुसहितका स्थानीय धर्नामा बसेका हुन्। दुःख दिने नियतले इलाका प्रशासन प्रमुख शर्माले नागरिकता दिन नखोजेको वडाअध्यक्ष राउतले बताए। वडा कार्यालयबाट सिफारिस भई सबै प्रक्रिया पूरा गरेर पनि नागरिकता नदिएको उनीहरुको आरोप छ। झण्डै आधा घण्टा धर्नामा बसे पछि उनीहरु प्रमुखको कार्यकक्ष पुगेर सोमबार १२ बजेसम्मको अल्टिमेटम दिएका छन्।

निमालाम्ह्ुका बुवा पेम्बा छिरिङ भुटिया २०५९ भदौ १० बाट बेपत्ता भएका थिए। निमालाम्ह्ुकी आमा अनुमाया तामाङले जिल्ला अदालत गौरमा बेपत्ता वा मृत्यु न्यायिक घोषणापत्रको लागि निवेदन दिएकी थिइन्। अदालतले माघ ६ मा निमालाम्ह्ुका बुवा पेम्वाको मृत्यु वा बेपत्ता भएको भनि न्यायिक घोषणापत्र समेत दिएको छ। वडा कार्यालयबाट समेत निमालाम्ह्ुको २०५९ जेठ ५ गतेको जन्मदर्ता छ। जिल्ला अदालतले पेम्बा र अनुमाया श्रीमान/श्रीमती भएको नाता प्रमाणित समेत गरेको छ। ईलाका प्रशासनले आमाको नामबाट बंशजको आधारमा नागरिकता दिनुपर्नेमा तारेख धाउनेसम्म बनाएको निमालाम्ह्ुले बताइन्।

इलाका प्रशासन प्रमुख शर्माले प्रमुख जिल्ला अधिकारीसित सल्लाह गरेर मात्रै उनलाई नागरिकता दिनेबारे निर्णय लिइने बताए। यसअघि चन्द्रपुर नगरपालिका–७ नयाँबस्तीका ४५ वर्षीय रामविश्वास साह र छोरा रुपेशले नौ दिन धाउँदा पनि ईलाका प्रशासन कार्यालय चन्द्रनिगाहपुरबाट नागरिकता पाउन नसकेका भन्दै तीब्र आलोचना भएको थियो। यो समाचार सार्वजनिक भएपछि ईलाका प्रशासन प्रमुख शर्माले साहलाई नागरिकता दिएका थिए।

# रौतहटका दुई मतदान केन्द्रमा महिला कर्मचारी मात्र

**प्रवीणकुमार शर्मा**

रौतहट, १० फाल्गुन। प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि रौतहटको दुई मतदान केन्द्रमा सबै कर्मचारी महिला खटाइएको छ। गौर नगरपालिका –५ स्थित आधारभूत विद्यालय बालमन्दिर भवन 'क' र 'ख' मतदान केन्द्रमा सबै कर्मचारी महिला खटाइएको छ। रौतहट निर्वाचन क्षेत्र नं.१ का १३२ मतदान केन्द्र तथा २ अस्थायी मतदान केन्द्र मध्ये यी दुबै केन्द्रमा मात्र सबै महिला कर्मचारी खटाइएको हो। मुख्य निर्वाचन अधिकृतको कार्यालय प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. १ का अनुसार आधारभूत बिद्यालय बालमन्दिर भवन 'क' केन्द्रमा मतदान अधिकृत आस्था शर्मा पौडेल, सहायक मतदान अधिकृत सुचिता श्रीवास्तव, सहायक कर्मचारी प्रियंका कुमारी यादव, सबिता कुशवाहा र रुबी झा खटिनुहुने छ।

उक्त केन्द्रमा सहयोगी कर्मचारीको रूपमा रन्जना रिजाल खटिनुहुने मुख्य निर्वाचन अधिकृतको कार्यालय प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. १ ले जनाएको छ। त्यस्तै, आधारभूत विद्यालय बालमन्दिर भवन 'ख' मतदान केन्द्रमा मतदान अधिकृत सब्रिना खातुन, सहायक मतदान अधिकृत कल्याणी मिश्र, सहायक कर्मचारी अर्चना कुमारी साह, हिम काला पोखरेल र मनिषा चौधरी खटिनुहुने छ। उक्त केन्द्रमा सहयोगी कर्मचारीको रूपमा गुडिया देवी राम खटिनुहुने मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। अन्य मतदान केन्द्रमा भने मिश्रित रुपमा कर्मचारी खटाइएको मुख्य निर्वाचन अधिकृत मनोज केसीले जानकारी दिनुभयो।

रौतहट निर्वाचन क्षेत्र नं. १ मा यो निर्वाचनमा कुल ७९८ कर्मचारी खटाइएको छ। मुख्य निर्वाचन अधिकृतको कार्यालय प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. १ गौरका अनुसार मतदान केन्द्रमा मतदान अधिकृत एक जना, सहायक मतदान अधिकृत एक जना, सहयोगी कर्मचारी तीन जना र कार्यालय सहयोगी एक जनाका दरले कर्मचारी खटाइएको हो। अस्थायी मतदान केन्द्रमा मतदान अधिकृत १ जना,सहायक मतदान अधिकृत १ जना र कार्यालय सहयोगी १ जना खटाइएको छ। निर्वाचन क्षेत्र नं. १ मा दुइ वटा अस्थायी मतदान केन्द्र कायम गरिएको छ। रौतहट जिल्ला अदालत र कारागार कार्यालय गरी दुईवटा अस्थायी मतदान केन्द्र कायम गरिएको जिल्ला निर्वाचन कार्यालय रौतहटका प्रमुख छोटेलाल दाशले जानकारी दिनुभयो।

यस बाहेक १३२ वटा मतदान केन्द्रमा १३२ जना मतदान अधिकृत, १३२ जना सहायक मतदान अधिकृत, ३९६ जना सहयोगी कर्मचारी र १३२ जना कार्यालय सहयोगी खटिएका छन्। रौतहट निर्वाचन क्षेत्र नं. १ मासब भन्दा बढी मतदाता जनता प्रावि भवन गंगापिपरा (ख) मा १०६८ रहेका छन् भने सबभन्दा कम मतदाता आधारभूत विद्यालय भवन भेलहिटोल सखुअवा (क) मा ५३२ रहेको जिल्ला निर्वाचन कार्यालय रौतहटले जनाएको छ।

# सप्तरीका २०९ मतदान स्थल अति सम्वेदनशील

**विनय कर्ण**

सप्तरी, १० फाल्गुन। फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सप्तरीमा रहेको २९८ मतदान स्थल मध्ये सुरक्षा विश्लेषणको आधारमा २०९ वटालाई अति सम्वेदशीलको सूचीमा राखिएको छ। स्थायी २९६, अस्थायी २ गरी २९८ मतदान स्थल मध्ये २०९ वटालाई अति सम्वेदनशील र ८३ सम्वेदनशील सूचीमा राखिएको हो। सुरक्षा विश्लेषणको आधारमा जिल्लामा २०९ वटा मतदान स्थललाई अति सम्वेदनशील र ८३ वटा मतदान स्थललाई सम्वेदनशील सुचीमा राखएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिनुभयो। उहाँले अति सम्वेदनशील र सम्वेदनशील मतदान स्थलमा मतदाताहरूले सहज, भयरहित र निष्पक्ष मदान सम्पन्न गराउन सोही अनुसारको सुरक्षा व्यवस्था मिलाउने तयारी भइरहेको बताउनुभयो। जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ मा ८० मतदान स्थल र १५२ मतदान केन्द्र कायम गरिएको छ। यस्तै निर्वाचन क्षेत्र नम्बर २ मा ६८ मतदान स्थल र १३० मतदान केन्द्र, निर्वाचन क्षेत्र नम्बर ३ मा ७४ मतदान स्थल र १४४ मतदान केन्द्र तथा निर्वाचन क्षेत्र नम्बर ४ मा पनि ७४ मतदान स्थल र १३६ मतदान केन्द्र निर्धारण गरिएको जिल्ला निर्वाचन कार्यालय सप्तरीका प्रमुख रमेशकुमार जोशीले जानकारी दिनुभयो। उहाँले राजविराज स्थित कारागारमा र जिल्ला समन्वय समिति सप्तरीमा गरी २ वटा अस्थायी मतदान स्थल रहने बताउनुभयो। जिल्लामा कुल चार लाख ४६ हजार ४०२ मतदाता रहेकोमा पुरुष दुई लाख ३३ हजार ९६, महिला मतदाता दुई लाख १३ हजार दुई सय ८३ तथा अन्य २३ जना रहेको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ।

## कृषियोग्य

व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले मस्यौदा गरेको कार्यविधिलाई अन्तिम रूप दिई मन्त्रिपरिषद्बाट पारित गरी तत्काल कार्यान्वयन गरिनुपर्ने माग गरिएको छ।

त्यस्तै, मुक्त हलिया, कमैया–कम्लहरी तथा हरवा चरवाको वस्तुस्थिति अध्ययन समितिको सिफारिशसहितको प्रतिवेदन कार्यान्वयन, हरेक मुक्त हरवा चरवा परिवारलाई कम्तिमा १० कट्ठा कृषियोग्य जमिन, बैकल्पिक रोजगारीका लागि अल्पकालीन र दीर्घकालीन सीप विकास तालिम, एक लाख रुपैयाँसम्मको बीउ पूँजी र आवश्यक औजार उपलब्ध गराइनु पर्ने अपिलमार्फत माग गरिएको छ।

सडक, बिजुली, शुद्ध खानेपानी, शिक्षा, स्वास्थ्य, सिंचाइ लगायतका आधारभूत पूर्वाधारसहित एकीकृत पुनःस्थापना कार्यक्रम लागू गरिनु, नागरिकता तथा अन्य परिचयपत्रको अभावमा सेवा र सुविधाबाट वञ्चित हरवा चरवाहरुको नागरिकता प्राप्ति प्रक्रिया सरल र सहज बनाउँदै विकासका नाममा हुने अवैध विस्थापन तत्काल रोकिनुपर्ने उनीहरूको माग छ। उच्च व्याजदरको ऋण प्रणाली अन्त्य गरी सहुलियतपूर्ण ऋण तथा वित्तीय सेवामा पहुँचको सुनिश्चितता, पुनःस्थापना विनाहरवा चरवाको बसोवास स्थानबाट बिस्थापन तत्काल रोकिनुपर्ने माग गर्दै उनीहरुले सम्पूर्ण राजनीतिक दल, जनप्रतिनिधि तथा सरोकारवालाहरूलाई संविधानको मर्म र भावनाअनुसार हरवा चरवाको सम्मानजनक पुनःस्थापना, सामाजिक न्याय र समतामूलक विकास सुनिश्चित गर्न दृढ प्रतिबद्धता व्यक्त गर्न आग्रह गरेका छन्।

**प्रतिबद्धतामाथि प्रश्नचिन्ह**

२ साउन २०७९ मा नेपाल सरकारबाट हरवा चरवाको मुक्ति घोषणा हुनु ऐतिहासिक उपलब्धि रहेको औंल्याउँदै अपिलमा मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम तथा बजेटमार्फत स्थानीय तहसँगको समन्वयमा मुक्त हरवा चरवाको तथ्यांक संकलन, प्रमाणीकरण र परिचयपत्र वितरण गर्ने व्यवस्था अनुरुप मन्त्रालयले कार्यविधि मस्यौदा गरी मन्त्रिपरिषद्मा पेश गरेको गरेको भएपनि व्यवहारिक कार्यान्वयन हुन नसक्नु राज्यको प्रतिवद्धतामाथि प्रश्न खडा भएको उल्लेख छ।

संविधानले स्रोत र साधनको न्यायोचित पुनर्वितरण, संरचनागत सुधार, सहभागितामूलक शासन प्रणाली तथा राजनीतिक, आर्थिक र सामाजिक अधिकारको सुनिश्चितताको स्पष्ट व्यवस्था गरेको चर्चा गर्दै अपिलमा भनिएको छ 'तथापि, संवैधानिक व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन नहुँदा मधेश प्रदेशका ८ वटै जिल्लाहरुमा रहेका करिब एक लाखभन्दा बढी मुक्त घोषित हरवा चरवा समुदाय अझै आधारभूत अधिकारबाट बञ्चित रहन बाध्य छन्।'

अपिलमा संविधानको धारा २९ को शोषण विरुद्धको हक, धारा ४० को दलित समुदायलाई एक पटक जमिन र आवास उपलब्ध गराउने मौलिक हक, धारा ५१ (ञ) (६) लें मुक्त हरवा चरवा, भूमिहीन तथा सुकुम्वासीको पहिचान गरी घरघडेरी र कृषियोग्य जमिनसहित पुनःस्थापना गर्ने राज्यको दायित्व तथा भूमि सम्बन्धी ऐन, २०२१ र सम्बन्धित नियमावलीले समेत भूमिहीन दलितलाई जमिन उपलब्ध गराउने कानुनी व्यवस्थाको शीघ्र र प्रभावकारी कार्यान्वयन अनिवार्य गरिनु पर्ने उल्लेख छ।

## कृषियोग्य ...

निर्वाचित भएसँगै औपचारिक रूपमा सुरु भएको हो। नेपाली कांग्रेसबाटै राजनीतिक जीवन थालेका यादव पदमा हुँदा मात्र होइन, पदमा नहुँदा पनि जनताको सेवा र सहयोगमा सक्रिय रहँदै आएका छन्। यसै कारण उनी जनताको मन जित्न सफल नेताका रूपमा चिनिन्छन्।

यादवले आफ्नो चुनावी अभियानमा शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार विकास र रोजगारी सिर्जनालाई मुख्य प्राथमिकतामा राखेका छन्। यी क्षेत्रमा सुधार ल्याउने स्पष्ट योजना र प्रतिबद्धताका साथ आफू उम्मेदवार बनेको उनका निकट स्रोतले जनाएको छ। "क्षेत्रको समग्र विकासका लागि आवश्यक योजना तयार पारिएको छ, जनताको विश्वासलाई विकासमार्फत नै पूरा गर्ने प्रतिबद्धता उहाँको छ," स्रोतले भन्यो। घरदैलो कार्यक्रमअन्तर्गत यादवले हिजो सिरहाको औरही गाउँपालिकाको पिप्रा र करहरवा तथा नवराजपुर गाउँपालिकाका विभिन्न टोलहरूमा पुगेर मतदातासँग भेटघाट गरेका थिए। सो क्रममा स्थानीयहरूले उनलाई स्वागत गर्दै समर्थन र मत दिने आश्वासन दिएका थिए। घरदैलो कार्यक्रममा सहभागी स्थानीयवासीले उनको विगतको कामप्रति सन्तुष्टि व्यक्त गर्दै आगामी दिनमा अझ प्रभावकारी भूमिका निर्वाह गर्ने अपेक्षा राखेका छन्।

उम्मेदवार यादवका अनुसार सिरहा क्षेत्र नम्बर २ का अधिकांश टोलमा घरदैलो कार्यक्रम सम्पन्न भइसकेको छ भने बाँकी स्थानमा पनि कार्यक्रम जारी रहनेछ। उनले घरदैलोका क्रममा जनताबाट सकारात्मक प्रतिक्रिया र उत्साहजनक समर्थन प्राप्त भइरहेको बताए। जिल्ला सभापतिको हैसियतले यादव आफ्नो निर्वाचन क्षेत्रसँगै सिरहाका चारवटै निर्वाचन क्षेत्रमा पार्टीका उम्मेदवारहरूको पक्षमा मत माग्न समेत सक्रिय छन्। उनले नेपाली कांग्रेसलाई विजयी गराउन पार्टी पंक्तिलाई एकताबद्ध भएर अघि बढ्न आग्रह गरेका छन्।

घरदैलो कार्यक्रममार्फत जनतासँग प्रत्यक्ष सम्पर्क बढाउँदै यादवले आफ्नो चुनावी अभियानलाई थप सशक्त बनाइरहेका छन्। आगामी निर्वाचनमा मतदाताको विश्वास जित्नेमा उनी आशावादी देखिएका छन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)